**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 15.04.2025**

- **Golden Jubilee**

मुख्यमन्त्री प्रेमसिंह तामाङले साउलीगाउँ माध्यमिक विद्यालयलाई नामाकरण गरेर जमीनदाता हर्क बहादुर खातीको नाम गरिने घोषणा गर्नुभयो। सोरेङ जिल्लाको जुम सालघारीस्थित यस विद्यालयको स्वर्ण जयन्ती समारोहको समापन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्य अतिथि श्री तामाङले एसकेएम सरकार गठन भएपछि राज्यको शिक्षा व्यवस्था सुदृढ गर्ने दिशामा काम भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, यहाँका विभिन्न ग्राम पञ्चायत क्षेत्रमा रहेको पिउने पानीको समस्या समाधान गर्न सरकारले योजनावद्ध रूपमा काम गरिरहेछ। जोरथाङ बजारमा विभिन्न विकासीय पूर्वाधार निर्माणको काम भइरहेको उल्लेख गर्दै मुख्यमन्त्रीले च्याखुङको आँगने ढुंगालाई पर्यटन स्थलको रूपमा परिणत गर्ने योजना रहेको जानकारी गराउनुभयो। श्री तामाङले भन्नुभयो, सिङसोर पुलमा बञ्जी जम्पिङको शुरूवात भएको छ र यस्ता पूर्वाधारले पर्यटन विकासमा टेवा पुग्नेछ।

---------------------------------------X---------------------------------------

- **Platinum Jubilee**

लिङचोम वरिष्ठ माध्यमिक विद्यालयले विविध कार्यक्रमको माध्यमबाट कौस्तुभ जयन्ति पालन गरिरहेछ, जसले परम्परा र प्रगतिलाई प्रदर्शित गरेको छ। स्थापनाको पचतरौं वर्षको अवसरमा विद्यालयले पालन गरेको अर्ध-म्याराथनमा विद्यार्थी, पूर्व विद्यार्थी, शिक्षक तथा स्थानवासी एकैसाथ अघि आए।

शारीरिक स्वास्थ्य, पर्यावरणीय सचेतना र सामूहिक उपलब्धिको भावना प्रवर्द्धन गर्ने उद्देश्यले आज बिहान विद्यालय परिसरबाट शुरू भएको अर्ध-म्याराथनमा उन्चासजना प्रतिभागी सहभागी बने।

प्रतियोगितामा दरापका निमसाङ लिम्बू प्रथम, उत्तरेका गंगाहाङ सुब्बा दोस्रो र आरिगाउँका मनबहादुर छेत्री तेस्रो बने।

विद्यालयकी प्रधानाध्यापिका याङदेन सिपमोले कौस्तुभ जयन्ती अर्ध-म्याराथनमा भाग लिएर यसलाई स्मरणीय र अर्थपूर्ण उत्सव बनाएकोमा सबैप्रति कृतज्ञता व्यक्त गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Union Minister's Sikkim Visit**

तीन दिवसीय सिक्किम भ्रमणको निम्ति केन्द्रिय जनजाति मामिला राज्य मन्त्री दुर्गादास उइके आज सिक्किम आइपुग्नुभयो। राज्य प्रवेश गर्ने क्रममा उहाँलाई मल्ली चेकपोस्टमा सामाजिक, महिला, बाल, वरिष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभाग मन्त्री सामडुप लेप्चाले स्वागत जनाउनुभयो। उहाँको भ्रमणबारे हाम्रा संवाददाताबाट सुन्नुहोस् यो रिपोर्ट.................
श्री उइकेलाई स्वागत जनाउन सामाजिक कल्याण विभागका विशेष सचिव सुमन गुरूङ र नाम्चीकी अतिरिक्त जिल्लाधीश तिरसाङ तामाङ पनि मल्ली पुग्नुभएको थियो।

---------------------------------------X---------------------------------------

- **Awareness-cum-Demonstration Programme**

सिक्किम अग्नी तथा आपात्कालिन सेवा, मंगनले आज मंगन बजारमा एउटा कार्यक्रमबीच अग्नीसमन दिवस पालन गऱ्यो। यो कार्यक्रम प्रत्येक वर्ष चौधदेखि बीस अप्रेलसम्म अग्नी सुरक्षाबारे मानिसहरूमा जागरूकता बढ़ाउन पालन गरिने राष्ट्रिय अग्नीसमन सप्ताहको एक भाग हो। कार्यक्रमको यस वर्षको विषय रहेको छ एकताबाट जागृति, अग्नि सुरक्षित भारत।

कार्यक्रम शुरू हुनअघि बस डाँड़ाबाट लाल बजारसम्म सम्पन्न पैदल जुलुसमा मंगनका विद्यार्थी र हितधारकहरूको सक्रिय सहभागिता रह्यो। मंगन नगर पञ्चायतको हलमा सम्पन्न कार्यक्रममा स्वागत सम्बोधन राख्दै लान्स नायक गंगाप्रसाद लिम्बूले अग्निसमन सप्ताह पालन गरिनुको महत्त्वमाथि प्रकाश पार्नुभयो।

उपअग्निसमन अधिकारी राजकुमार प्रधानले वनमा लाग्ने आगो प्रायः मानवीय क्रियाकलापका कारण हुने गरेको र त्यसले प्रकृति साथै वन्यजन्तुमा पार्ने विनाशकारी प्रभावबारे बताउनुभयो। उहाँले आगोबाट हुने लाभ र हानी दुवै पक्षबारे बताउँदै सबैसित आगो प्रयोग गर्दा लापरवाहबाट जोगिन आग्रह गर्नुभयो। कार्यक्रमको अवसरमा मंगन नगर पञ्चायत हल बाहिर अग्नि सुरक्षा उपायबारे प्रदर्शनी पनि गरियो।

---------------------------------------X---------------------------------------

- **DLMC inspects MBPCL**

पाकिमका अतिरिक्त जिल्लाधीश साङ्गे ग्याछो भोटियाको नेतृत्वमा रहेको जिल्ला स्तरीय निगरानी समितिको एउटा टोलीले रम्फूस्थित मध्य भारत पावर कर्पोरेशन लिमिटेडमा आफ्नो निर्धारित द्विमासिक भ्रमणअन्तर्गत आज निरीक्षण गऱ्यो।
भ्रमणको प्राथमिक उद्देश्य सुरक्षा नियम पालनको निगरानी र सुनिश्चित गर्नु, परिचालन दक्षताको मूल्याङ्कन गर्नु तथा श्रमिक र स्थानीय समुदाय दुवैका लागि सुरक्षित कार्य परिवेस बनाउनु हो। समितिले पर्यावरणीय र औद्योगिक सुरक्षा नियमहरू कडाईका साथ पालन गरिनुपर्ने महत्त्वमाथि जोड दिएको छ।

---------------------------------------X---------------------------------------

- **Pioneering Capsule**

भारतीय सेनाले सिक्किम सरकारसितको सहकार्यमा आयोजना गरेको मिलिटेरी-सिभिल फ्युजनमा अग्रणी क्याप्सुल आजदेखि शुरू भयो। गान्तोक मिलिटेरी स्टेसनमा सम्पन्न आगामी चौबीस अप्रेलसम्म चल्ने कार्यक्रमको उदघाटनीय सत्रमा मुख्य सचिव रविन्द्र तेलाङ विशेष रूपमा उपस्थित हुनुहुन्थ्यो।
कार्यक्रमले राष्ट्रिय सुरक्षालाई दहिलो बनाउन र सिक्किमको रणनीतिक रूपमा महत्त्वपूर्ण क्षेत्रमा एकीकृत विकासलाई प्रवर्द्धन गर्न भारतीय सेना, राज्य प्रशासन, कानुन प्रवर्तन निकाय र अकादेमीका प्रमुख हितधारकहरूलाई एकैसाथ ल्याउनेछ। यसले अन्तर-एकाइ समन्वयलाई प्राथमिकता दिने, पारस्परिक आपसी समझलाई बढावा दिने र समग्र राष्ट्रको दृष्टिकोणमार्फत विकास र सुरक्षाको अनुकरणीय नमुना तयार गर्ने लक्ष्य राखेको छ।

---------------------------------------X---------------------------------------

- **Weather**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार भोली आकाशमा सामान्य रूपमा बादल छाउनका साथै छुटपुट वर्षा हुने र चट्याङ हान्ने सम्भावना छ।
बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान तेह्र दसमलौ पाँच डिग्री सेल्सियस र अधिकतम बीस दशमलौ छह डिग्री सेल्सियस रेकार्ड गरियो।
भोली अधिकतम तापमान एक्काइस र न्यूनतम पन्द्र डिग्री सेल्सियल रहनेछ।

---------------------------------------X---------------------------------------